




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज २६ गते सोमबार ❑ 12 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## बूढीगण्डकी बाढीले गाउँ जाने पुल बगायो, सय बढी घरहरू बगे

रासस
गोरखा, २५ असोज

बूढीगण्डकी बाढीमा परी उत्तरी गोरखाका १०० बढी घरहरू बगेका छन् । आइतबार बिहान उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-६ स्थित उङ्गिलुङ खोलामा सुक्खा पहिरो खसेको थियो । बिहान करिब ४:०० बजेतिर खसेको पहिरोले सो खोला थुनिएको र एक्कासी खोलिँदा बाढी आएको बाढी पूर्वानुमान महाशाखाको भनाइ छ ।

महाशाखाका अनुसार चुमनब्री-६ तुम्जेमा पहिरो जाँदा उङ्गिलुङ खोला थुनिएको र एक्कासी खोलिँदा बाढी आएको हो । भू-उपग्रहले लिएको तस्बिरका अनुसार शनिबार साँझ नै पहिरो गएको महाशाखाको भनाइ छ । उङ्गिलुङ खोलातर्फबाट बूढीगण्डकीमा आएको बाढीले गोरखाको चुमनुब्री, धार्चे र आरुघाट क्षेत्रमा ठूलो क्षति पुर्याएको छ । चुमनुब्री गाउँपालिकाको लोक्पा, न्याकफेदी, सिर्दिबास, सल्लेरी र जगत क्षेत्रमा क्षति पुगेको हो । यस्तै, धार्चे गाउँपालिकाको दोभान, माछीखोला, यारुबगर र आरुघाट गाउँपालिकाको सोती र आरुघाट बजारमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय गोरखाले जनाएको छ ।



**दश जना सम्पर्कविहीन**

बाढीमा परेर उङ्गिलुङ भेडीगोठमा बस्ने चुमनुब्री-६ चुन्चेतका पाँच जना सम्पर्कविहीन बनेका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभएको छ । सोही क्षेत्रको धाउलेमा बस्ने तीन घरका पाँच जना पनि सम्पर्कविहीन रहेको स्थानीय दिपेश लामाको भनाइ छ ।

**छ वटा पुल बगायो**

बाढी प्रभावित क्षेत्र गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकामा हालसम्म दुई वटा मोटरेबल र चार वटा झोलुङ्गे पुल बगाएको उल्लेख छ । गोरखाको आरुघाट र धादिङको त्रिपुरासुन्दरी जोड्ने मोटरेबल पुल बाढीले बगाएको हो । यस्तै, आरुघाटको सोती र मान्बु जोड्ने पक्की पुल पनि बगाएको आरुघाट गाउँपालिकाका अध्यक्ष राजु गुरुङले जानकारी दिनुभयो । बूढीगण्डकीको बाढीले धार्चे गाउँपालिका-१ र ३ जोड्ने बेलिब्रिजसमेत बगाएको छ । यसैगरी, माछीखोला र केरौंजा जोड्ने झोलुङ्गे पुल, चुमनुब्रीको ठाडो भर्याङ र जगत जोड्ने पुलर चुमनुब्रीकै घट्टेखोला र फिलिम जोड्ने झोलुङ्गे पुलसमेत बगाएको चुमनुब्री गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी गुरुङले बताउनुभयो । दसैंको मुखमा आएको बाढीले गाउँबस्ती जाने पुल नै बगाएको धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङ बताउनुहुन्छ । "माछीखोलाको पुल बगाउँदा केरौंजा, लामावेशी, रुन्चेतलगायत गाउँबस्ती जाने बाटो बन्द भयो", उहाँले भन्नुभयो, "दसैंको मुखमा हामीलाई ठूलो बिपत्ती आइपर्यो ।" चुमनुब्री-३ फिलिमकी कुमारी गुरुङले पनि जतातते पुल बगाउँदा दसैंमा घर जाने बाटो बन्द भएको बताउनुभयो । "हामी त अब यहीं थुनियौं, तलबाट घर आउनेहरूको बाटो पनि बन्द भयो", गुरुङले भन्नुभयो, "यहाँ आउने हेलीकप्टरबाहेक अन्य उपाय छैन ।" बाढीले चुमनुब्री-६ सिर्दिभीरको क्यान्टिलिभर पुलसमेत बगाएको पालिकाको प्रमुख प्रशासकीय अधिकृत नारायण सापकोटको भनाइ छ । सिर्दिभीरको क्यान्टिलिभर पुल उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-६ चुम्लिङ र वडा नं ७ छेकम्पारका गाउँबस्ती पुग्ने एकमात्र साहारा हो ।

**विद्यालय पनि बगे**

बूढीगण्डकीको बाढीले चुमनुब्री गाउँपालिका-३ घट्टेखोलास्थित विकास आधारभूत विद्यालयको भवनसमेत बगाएको प्रमुख प्रशासकिय अधिकृत नारायण सापकोटाको भनाइ छ ।

तीन हाइड्रो पावरमा क्षति

बाढीका कारण उत्तरी गोरखाको तीन वटा हाइड्रोपावर आयोजनामासमेत क्षति पुगेको छ । चुमनुब्री-३ सल्लेरीस्थित सहज ऊर्जा प्रालिको पावर हाउस र लेबर क्यापमा बाढीले बगाएको हो । यस्तै, धार्चे गाउँपालिका-१ यारु र दोभानमा रहेको दुई वटा हाइड्रोपावर आयोजनामा क्षति पुगेको धार्चेका अध्यक्ष लक्ष्मण गुरुङले बताउनुभयो । बाढीले सल्लेरीको हाइड्रोपावर बगाउँदा न्याक, फिलिम, चिसापानी, नाग्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, भालुवाङ, सिर्दिबास, जगत, उहियालगायत गाउँबस्ती विद्युत्विहीन बनेका गुरुङको भनाइ छ ।

**सयबढी घरगोठ बगे**

बाढीले चुमनुब्री गाउँपालिकाको उङ्गिलुङ खोला क्षेत्रका चार गोठ बगाएका छन् । यस्तै, बूढीगण्डकी किनारमा पर्ने सल्लेरी, घट्टेखोला, पैंयु, दोभान र बगरका करिब ३१ घरधुरी बगाएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माको भनाइ छ । शर्माका अनुसार धार्चे गाउँपालिकाको माछीखोला, यारुबगर र दोभानका करिब ५० घरधुरी र आरुघाट गाउँपालिकाको सोतीका करिब १५ घरधुरीमा क्षति पुगेको छ ।

**हेलीमार्फत उद्धार कार्य जारी**

बूढीगण्डकी नदीमा आएको बाढीमा परेर अलपत्र परेकाहरूको हेलीमार्फत उद्धार कार्य जारी छ । चुमनुब्री गाउँपालिका-३ न्याकफेदीमा फसेका नौ जनालाई हेलिकोप्टरमार्फत उद्धार गरेर न्याक गाउँ लगिएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो । यस्तै, धार्चे गाउँपालिका-१ यारुबगरमा फसेका एक विदेशी नागरिकसहित १८ जनाको पनि हेलीमार्फत उद्धार भएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार यारुबगरमा फसेका पर्यटक, स्थानीय र हाइड्रोपावरमा कार्यरत्त १८ जनालाई हेलीमार्फत हुल्चुक गाउँमा लगिएको हो ।

हेलीले मनासलु क्षेत्रमा अलपत्र परेका ९० जना पर्यटक, गाइड र भरियाहरूको पनि उद्धार गरेको छ । बाढी प्रभावित क्षेत्र गोरखाको चुमनुब्री, धार्चे र आरुघाट गाउँपालिकामा सेनाको चार वटा हेलिकप्टर परिचालन भएको थियो ।

## पुनर्निर्माणपछि आजदेखि खुल्यो तालबाराही मन्दिर, भक्तजनमा उत्साह

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज

पर्यटकीय राजधानी पोखराको फेवातालको बीचमा रहेको प्रसिद्ध तालबाराही मन्दिर पुनर्निर्माण पछि आइतबार घटस्थापनाको दिनदेखि भक्तजनका लागि खुला गरिएको छ ।



करिब तीन वर्षदेखि पुनर्निर्माणका क्रममा बन्द रहेको मन्दिर पुरानै स्वरूपमा तयार भएसँगै दर्शनार्थीका लागि खुला गरिएको हो । फेवातालको बीचमा रहेको सानो टापुमा रहेको तालबाराही मन्दिर पोखराको प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्य हो । माछापुच्छ्रे हिमालको छाया, फेवातालको मनोरम दृश्य र धार्मिक आस्थाका कारण यहाँ स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण रहने गरेको छ । मन्दिर पुनः खुला भएसँगै दशैंको अवसरमा दर्शनार्थीको चहलपहल बढ्ने अपेक्षा गरिएको छ ।

तालबाराही मन्दिर पुनर्निर्माण प्राविधिक समितिका संयोजक भरतराज पहारीले पुरातात्विक तथा सांस्कृतिक महत्त्वलाई ध्यानमा राखेर मन्दिरको पुनर्निर्माण गरिएको बताउनुभयो । देशकाल, परि स्थिति र भौगोलिक कठिनाइका कारण निर्माणमा समय लागेको उहाँको भनाइ छ । मन्दिर पुनर्निर्माणका क्रममा पुराना सामग्रीमध्ये करिब ८० प्रतिशत पुनः प्रयोग गर्ने लक्ष्य राखिएको भए पनि करिब ९० प्रतिशत सामग्री पुनः प्रयोग गर्न सफल भएको मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष महेश्वर पहारीले जानकारी दिनुभयो ।

मन्दिरका पुजारी समेत रहनु भएको उपाध्यक्ष पहारीका अनुसार करिब एक करोड ४० लाख रुपैयाँको लागतमा मन्दिरलाई पुरानै स्वरूपमा पुनर्निर्माण गरिएको हो । विसं २०७२ को भूकम्पका कारण तीनतले मन्दिरको भुइँतलासहितको संरचना दक्षिणतर्फ करिब तीन इञ्च ढल्किएपछि पुनर्निर्माण गर्नुपर्ने अवस्था आएको थियो । विसं २०७९ कात्तिकमा पुरानो मन्दिर भत्काएर पुनर्निर्माण सुरु गरिएको थियो । मन्दिर निर्माणमा पुरातत्व विभागले २५ लाख रुपैयाँ सहयोग गरेको थियो भने बाँकी रकम विभिन्न सरकारी निकाय र भक्तजनको सहयोगबाट जुटाइएको हो । मन्दिर पुनः खुला भएपछि भक्तजनले पुरानै मन्दिरमा पुगेर देवीको दर्शन तथा पूजाआजा गर्न पाउने भएका छन् । यसअघि मूल मन्दिर पुनर्निर्माण भइरहेका बेला वैकल्पिक स्थानमा राखिएको प्रतिमामा पूजा गर्ने व्यवस्था मिलाइएको थियो । यसैबीच, फेवा डुङ्गा व्यवसायी सङ्गठनका अध्यक्ष बलराम गिरीले पछिल्लो समय पोखरामा पर्यटकको चहलपहल कम रहेको बताउनुभयो । देशका विभिन्न क्षेत्रमा बाढीपहिरोका कारण पर्यटकको आवागमन प्रभावित भएको उहाँको भनाइ छ । मौसम खुल्न थालेसँगै पर्यटकको आगमन बढ्ने र मन्दिर खुला भएपछि फेवाताल क्षेत्रमा थप चहलपहल हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

दशैंको घटस्थापनादेखि तालबाराही मन्दिरमा दर्शनार्थीको भीड बढ्ने गरेको छ । धार्मिक आस्था र प्राकृतिक सौन्दर्यको संगमका रूपमा रहेको मन्दिर


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## उपचार र राहतमा सहमतिपछि स्कुल बस दुर्घटनाका मृतकको अन्त्येष्टि

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज

पोखरामहानगरपालिका-२८ कालिकास्थित ओख्लेको भिरमा शुक्रबार बिहान स्कुल बस दुर्घटना हुँदा मृत्यु भएका पाँच जनामध्ये तीन जनाको आज साँझ अन्त्येष्टि गरिएको छ ।

यसैगरी गम्भीर घाइते एक जनालाई थप उपचारका लागि काठमाडौं लगिएको छ ।

सौर्य माझठानाबाट कालिकास्थानतर्फ आउँदै गरेको कालिका इङलिस बोर्डिङ स्कुलको ग२ख १४१७ नम्बरको बस दुर्घटनामा चार विद्यार्थी र एक अन्य व्यक्तिको मृत्यु भएको थियो ।विद्यालयले मृतकका परिवारलाई राहत रकम उपलब्ध गराउने र घाइतेको उपचार खर्च बेहोर्ने सहमति गरेपछि मृतक विद्यार्थी ममता तिवारी, असिम कँडेल र शुभेच्छा तिवारीको शव परीक्षणपछि आइतबार साँझ ७:०० बजेपछि पोखराको सेती नदी किनारस्थित रामघाटमा अन्त्येष्टि गरिएको पोखरा-२८ का वडाध्यक्ष श्रीकृष्ण लामिछानेले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयमा भएको पीडित पक्ष र विद्यालय सञ्चालकबीचको वार्तामा विद्यालयले मृतकका परिवारलाई जनही रु तीन लाख ५० हजारका दरले राहत रकम उपलब्ध गराउने सहमति भएको उहाँले बताउनुभयो । मृतकका परिवारले बिमाबापतको रकमसमेत प्राप्त गर्नेछन् भने विद्यालयले दुर्घटनामा घाइते भएकाहरूको उपचारमा लाग्ने सम्पूर्ण खर्च बेहोर्ने सहमति भएको छ ।

"जिल्ला प्रशासन कार्यालयमा भएको वार्तामा सहमति भएपछि पीडित परिवारले शव बुझेर तीन जनाको आइतबार साँझ अन्त्येष्टि गरेका छन् । बाँकी दुई जनाका परिवारका सदस्य विदेशबाट आउँदै गरेकाले उनीहरूको अन्त्येष्टि अर्को दिन गरिनेछ", वडाध्यक्ष लामिछानेले भन्नुभयो । उहाँका अनुसार दुर्घटनामा मृत्यु भएकी विद्यार्थी रुमिका नेपालीका बुबा विदेशबाट आउँदै हुनुहुन्छ भने बाबुराम तिवारीका छोरा पनि देश बाहिर हुनुहुन्छ ।

यसैबीच, दुर्घटनामा गम्भीर घाइते भएकी १६ वर्षीया अस्मी कँडेललाई थप उपचारका लागि आइतबार साँझ ४:४५ बजे हेलिकप्टरमार्फत काठमाडौं पठाइएको छ । जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयसँग समन्वय गरी मुस्ताङ एयरको हेलिकप्टरबाट उहाँलाई काठमाडौंस्थित बिएण्डबी अस्पताल पठाएको प्रमुख जिल्ला अधिकारी कुमानसिँह गुरुङले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयका अनुसार दुर्घटनामा घाइते भएकामध्ये सात विद्यार्थीको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ भने उपचारपछि तीन जना घर फर्किएका छन् । यस्तै, गण्डकी मेडिकल कलेजमा तीन जनाको उपचार भइरहेको छ ।




**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फ्रेड डे

## सम्पादकीय

# बाढी प्रभावितलाई पुनः स्थापना र पुनर्निर्माण लाग

बुढीगण्डकी नदी थुनिएर आएको बाढीले गोरखामा पुरानो झोलुङ्गे पुल, पक्की पुल, घर, टेलिफोन टावर र ५० बिजुलीको पोलमा क्षति पुऱ्याएको छ । नेपालको पूर्वाधार क्षेत्रले पछिल्लो डेढ महिना अवधिमा तेस्रो ठूलो प्रहार भोग्नुपरेको छ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आइतबार गोरखा चुमनुब्री गाउँपालिका-६ लोक्पादेखि चुम्लिङबीच ठूलो पहिरो गएर सोही स्थान हुँदै बग्ने बुढीगण्डकी नदी थुनिई लेदोसहित ठूलो बाढी आयो । पछिल्लो तथ्यांक अनुसार बाढीले चुमनुब्री गाउँपालिका-३ न्याकचेतस्थित सिर्दिवास जोड्ने पुरानो झोलुङ्गे पुल बगाएको छ। सोही स्थानमा एक घर बगेको र एक घरमा बाढी पसेको छ । गोरखा धार्चे गाउँपालिका-५ स्थित माछिखोलाबाट केरौजा जोड्ने झोलुङ्गेल पुल पनि बाढीले बगाएको छ।

सोही गाउँपालिकाको सल्लेरीस्थित निर्माणाधीन टाइम्स ऊर्जा प्रालि र वरपरका ७/८ वटा घर बगेका छन् । त्यस्तै आरुघाट गाउँपालिका-९ नयाँपुलस्थित गोरखा आरुघाटबाट धादिङ जोड्ने पक्की पुलको कुल तीन भागमध्ये गोरखातर्फको एक भाग बगाएर क्षतिग्रस्त बनेको छ। सोही गाउँपालिका माछिखोलास्थित तल्लो बस्तीमा बाढी पस्दा २०/२२ घरमा क्षति गरेको छ। बाढीले आरुघाट गाउँपालिका २ र ३ वडा जोड्ने सोतीमा रहेको फलामे पक्की पुल बगाएको छ। ३ सय ४१ मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजनाको क्याम्प क्षेत्र र केही निर्माण उपकरण समेत बाढीले बगाएको विवरण आएको छ। यस बाढीले सञ्चारतर्फ दुई वटा टेलिफोन टावर र ५० बिजुलीको पोलमा क्षति गरेको प्राधिकरणले जनाएको छ। सडक विभाग र स्थानीय पूर्वाधार विकास विभागको टोली सडक सञ्चालन तथा बेलिब्रिज सम्भाव्यता अध्ययनका लागि स्थलगत खटिएको समेत प्राधिकरणले जनाएको छ।

सडक विभागका अनुसार सोती खोलाको पुल पूरै बगेका कारण सोही स्थानमा यातायात पूर्ण अवरुद्ध बनेको छ। आरुघाटस्थित पुलमा भने २२ मिटर आरसीसी बगेको छ। यहाँ बेली राखेर चलाउन सकिने सम्भावनाबारे प्राविधिक टोलीले अध्ययन गरिरहेको छाबुढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित क्षेत्रबाट नेपाली सेनाले हालसम्म ९५ जनाको उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण गरेको छ । उद्धार गरिएकामध्ये नौ जना विदेशी नागरिकसहित ३५ जनालाई आरुघाटबाट काठमाडौँ ल्याइएको नेपाली सेनाले जनाएको छ । बाढी प्रभावित क्षेत्रमा उद्धारका लागि नेपाली सेनाका चार वटा हेलिकोप्टर तथा स्थलमार्गबाट सैनिक टोली परिचालन गरिएको थियो । अन्य सुरक्षा निकाय र सम्बन्धित सरोकारवालासँगको समन्वयमा प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य जारी रहेको सेनाले जनाएको छ। बाढीले आरुघाट-धादिङ जोड्ने मोटरेबल पुल बगाएपछि उक्त क्षेत्रको सडक सम्पर्क प्रभावित भएको छ।

पुल क्षतिग्रस्त हुँदा आरुघाट र धादिङबिच उक्त पुल भएर हुने सवारी आवागमन अवरुद्ध भएको छ । यसले स्थानीयवासीको आवतजावत तथा प्रभावित क्षेत्रमा सडकमार्गबाट राहत सामग्री र उद्धार टोली परिचालन गर्न कठिनाइ सिर्जना गरेको छ। पुल बगाएको स्थानमा सडक सम्पर्क पुनःस्थापनाका लागि बेलिब्रिज जडान गर्ने तयारी गरिएको छ। त्यसका लागि नेपाली सेनाको इन्जिनियरिङ टोली प्रभावित क्षेत्रमा खटिएको जनाईएको छ । प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले गोरखाको चुमनुब्री गाउँपालिकास्थित बूढीगण्डकी नदीमा आएको लेदोसहितको बाढी र त्यसले पुऱ्याएको क्षतिपछि प्रभावित क्षेत्रमा राज्यका सबै संयन्त्र तीव्र रूपमा परिचालन गरिएको बताएका छन् । आइतबार सामाजिक सञ्जालमा लेख्दै प्रधानमन्त्री शाहले सरकारले प्रभावित क्षेत्रको जनजीवन सामान्य बनाउन र क्षतिग्रस्त भौतिक पूर्वाधारहरू पुनः सुचारु गर्न आवश्यक कदम अगाडि बढाइसकेको बताएका छन। घटनाको कारण पत्ता लगाउन भूगर्भविद्सहितको तीनजनाको टोली ड्रोनसहित परिचालन गरिएको । नेपाल प्रहरीको विपद् प्रतिकार्य तथा तालिम केन्द्रमा ५० जनाको टोलीलाई परिचालनका लागि तयारी अवस्थामा राखिएको पनि जानकारी दिए। आइतबार बिहान लोक्पादेखि चुम्लिङको बीचमा लेदोसहित बाढी आउँदा तल्लो तटीय क्षेत्रमा ठूलो क्षति पुगेको छ।

प्रधानमन्त्रीका अनुसार, बाढीमा परी पाँचजना बेपत्ता भएको सूचना प्राप्त भएपछि खोजी कार्य तीव्र पारिएको छ। बाढीले झोलुंगे र पक्की पुल, टेलिफोन टावर, बिजुलीका पोल, निर्माणाधीन बुढीगण्डकी हाइड्रो क्याम्प क्षेत्र, निर्माण उपकरण र वरिपरि रहेका घरहरू बगाएको छ। बाढीको सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय आरुघाटबाट प्रहरी टोली खटिएर नदी तटीय क्षेत्रका मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो। "बाढीसम्बन्धी जानकारी प्राधिकरणलगायत सबै सरोकारवाला निकायका सामाजिक सञ्जाल र सञ्चार माध्यममार्फत् निरन्तर संम्प्रेषण भइरहेको छ । स्थल र हवाई मार्गबाट अत्यावश्यक राहत सामाग्री ढुवानी भइरहेको छ । सडक विभाग तथा स्थानीय पूर्वाधार विकास विभागका महानिर्देशकसहितको टोली सडक संचालन तथा बेलीब्रिज सम्भाव्यता अध्ययनका लागि खटिसकेको छ, "प्रधानमन्त्री शाहले लेखेका छन् । प्रभावित गोरखाको सल्लेरीस्थित निर्माणाधीन बूढीगण्डकी हाइड्रोका १२ कर्मचारीसहित ४८ जनालाई उद्धार गरी सुरक्षित स्थानमा राखिएको छ। प्रभावित क्षेत्रमा अहिले पनि खोजी तथा उद्धार जारी छ । नेपाली सेनाका तीनवटा स्पेसल फोर्ससहित १२७, नेपाल प्रहरीका १३३ र सशस्त्र प्रहरी बल, नेपालका १७७ गरी ४३७ सुरक्षाकर्मी र नेपाली सेनाको चारवटा हेलिकोप्टर प्रभावित क्षेत्रमा परिचालन गरिएको प्रधानमन्त्रीको भनाइ छ। सरकारले तथ्यांक मात्र दिएर पुग्दैन। जनताले विश्वास गर्न काम हुनुपर्छ। सबैलाई साथ लिएर उद्धार, राहत र पुनस्थापना र पुन निर्माणमा लाग्नु जरुरी छ।

# कांग्रेस उपसभापतिमा भण्डारी र आचार्य विजयी

रासस
काठमाडौं, २५ असोज

नेपाली कांग्रेसको खुलातर्फको उपसभापतिमा डा चन्द्रकान्त भण्डारी र मधु आचार्य विजयी हुनुभएको छ। यस्तै, समावेशी उपसभापतिमा विनोदकुमार चौधरी निर्वाचित हुनुभएको छ।

उपसभापतिको खुला प्रतिस्पर्धामा डा भण्डारीले तीन हजार ७३५ मत र आचार्यले दुई हजार ३४२ मत प्राप्त गर्नुभएको छ। उपसभापतिका उम्मेदवारमध्ये गोविन्द भट्टराईले एक हजार ७५२, सुरेन्द्रराज पाण्डेले एक हजार ६७३, धनराज गुरुङले एक हजार ५९६, दीपक गिरीले ९२३ र प्रा डा चन्द्रमोहन यादवले ७६० मत प्राप्त गर्नुभएको छ।

समावेशी उपसभापतिमा विजयी चौधरीले एक हजार ७४५ मत प्राप्त गर्नुभएको छ। उहाँका प्रतिस्पर्धी जीवन परियारले एक हजार ६५८, फरमुल्लाह मन्सुरले एक हजार १४४, सीता गुरुङले एक हजार ११२ र रञ्जित कर्णले ५६२ मत प्राप्त गर्नुभएको छ।

त्यस्तै, महामन्त्रीमा प्रदीप पौडेल र उदयशम्शेर राणा विजयी हुनुभएको छ । पौडेलले चार हजार १९४ मत प्राप्त गर्नुभएको छ। यस्तै, राणाले दुई हजार ३३० मत पाउनुभएको छ । महामन्त्रीका उम्मेदवारमध्ये डा सुनिलकुमार शर्माले दुई हजार २५७, गुरुराज घिमिरेले एक हजार ५१३, नैनसिंह महरले एक हजार १३४, अमरसिंह पुन मगरले एक हजार १२५, शङ्कर तिवारीले १२३ र डा सन्तोष उपाध्यायले ९७ मत प्राप्त गर्नुभएको छ।

महामन्त्री महिलातर्फ डा डिला सङ्ग्रौला (पन्त) विजयी हुनुभएको छ । उहाँले तीन हजार ११८ मत प्राप्त गर्नुभएको छ भने महालक्ष्मी उपाध्याय (डिना)ले दुई हजार ८६४ र रीता खनालले ८०४ मत प्राप्त गर्नुभएको निर्वाचन समितिका सदस्यसचिव राजु कटुवालले जानकारी दिनुभयो।

# मोहरिया-सिंहनाथ टोल विकास संस्थाको अध्यक्षमा शंकर सैंजू निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, २५ असोज



पोखरामा सरसफाइ अभियानको सुरुवात गरी 'सबैभन्दा सफा टोल' को पहिचान बनाउन सफल मोहरिया-सिंहनाथ टोल विकास संस्थाको १२ औं वार्षिक साधारण सभा तथा ५ औं अधिवेशन भव्य रूपमा सम्पन्न भएको छ।

अधिवेशनले शंकर सैंजूको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध चयन गरेको छ।

संस्थाको उपाध्यक्षमा राम विक, कोषाध्यक्षमा सिद्धीभक्त श्रेष्ठ र सहसचिवमा रविन्द्र बज्राचार्य निर्वाचित हुनुभएको छ। यस्तै सदस्यहरूमा प्रदीप बुद्धाचार्य, विमल बडगामी, खिमलाल बराईली, रामेश्वरी शाक्य, इन्दिरा लम्साल गौतम, कमला बास्तोला शर्मा, गोपाल प्रसाद श्रेष्ठ, चिरञ्जीवी अधिकारी र सुवास बुद्धाचार्य सर्वसम्मत निर्वाचित हुनुभएको छ। नवनिर्वाचित कार्यसमितिको घोषणा निर्वाचन अधिकृत विमल श्रेष्ठले गर्नुभएको थियो । पोखरामा नै सर्वप्रथम संगठित रूपमा सरसफाइ अभियानको थालनी गरेको यस टोल विकास संस्थाले उक्त अभियानलाई आजसम्म पनि निरन्तरता दिँदै आएको छ । सोही निरन्तरताका कारण यो टोल पोखराकै सबैभन्दा सफा र व्यवस्थित टोलका रूपमा परिचित छ। साथै, ऐतिहासिक मौलिकता जोगाएर राखिएकाले पोखरा भ्रमणमा आउने विदेशी पर्यटकहरूका लागि यो क्षेत्र 'पुरानो बजार' को आकर्षक गन्तव्य बनेको छ । संस्थाका अध्यक्ष राजेन्द्र प्रधानको अध्यक्षतामा सम्पन्न साधारण सभामा पोखरा महानगरपालिकाका वडा अध्यक्ष साहारा प्रधान प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा विशेष अतिथि पोखरा महानगरपालिका वडा नं. २ का अध्यक्ष दिवसमान प्रधानाङ्ग, संस्थाका सल्लाहकारहरू तथा विभिन्न महानुभावहरूको उपस्थिति रहेको थियो।

अधिवेशनको विशेष अवसरमा समाज र टोलको क्रमिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएका ७ जना ज्येष्ठ नागरिक बुवा-आमाहरूलाई सम्मान पत्र र दोसल्ला ओढाएर भव्य जेष्ठ नागरिक सम्मान अर्पण गरिएको थियो । कार्यक्रमका वक्ताहरूले सरसफाइ र संस्कृति संरक्षणको अग्रणी पहिचान जोगाउँदै टोलको थप स्तरोन्नति गर्न नवनिर्वाचित कार्यसमितिलाई सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो।

# तनहुँमा दुई हजार २२० मतदाताको नामावली हटाइयो

पोखरापत्र संवाददाता
दमौली, २५ असोज

जिल्ला निर्वाचन कार्यालय तनहुँले दुई हजार २२० मतदाता नामावली हटाएको छ।

दोहोरो नामावली भएकाहरूलाई कार्यालयले मतदाता नामावलीबाट हटाउने निर्णय गरेको हो । कार्यालयले मतदाता नामावली दोहोरिएकाहरूको नामावली अद्यावधिक गरेको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिनुभयो । जिल्लास्थित भानु, शुक्लागण्डकी, व्यास र भिमाद नगरपालिका तथा ऋषिङ, आँबुखैरेनी, बन्दीपुर, घिरिङ, म्याग्दे र देवघाट गाउँपालिकाका दोहोरो मतदाता नामावली हटाइएको उहाँले बताउनुभयो। गत फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएको थियो।

# क्षतिग्रस्त बेनी-जोमसोम खण्डमा अस्थायी मार्ग निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २५ असोज

कालीगण्डकी नदीको कटान र पहिरोले क्षतिग्रस्त बेनी-जोमसोम सडकमा अस्थायी मार्ग निर्माण गरी सवारीसाधन सञ्चालन गर्न थालिए पनि यात्रु र चालकको सास्ती हटेको छैन। साँघुरो, हिलाम्मे र जोखिमपूर्ण सडकमा सवारीसाधनको चाप बढ्दा घण्टौंसम्म जाम हुने गरेको छ।

यही असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षापछि आएको बाढीपहिरोले कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दी र मुस्ताङ जोड्ने सडकका विभिन्न खण्ड बगाएको थियो । नदी कटान भएका स्थानमा अस्थायी एकतर्फी मार्ग निर्माण र पहिरो पन्छाएपछि बिहीबार साँझदेखि सवारीसाधन सञ्चालन गर्न थालिएको हो । सडक सञ्चालनमा आएसँगै उपल्लो मुस्ताङ र चीनको कोरला नाकाबाट भन्सार जाँच पास गराएर आएका करिब पाँच सय मालवाहक कन्टेनर तथा ट्रक गन्तव्यमा पुग्ने प्रतिक्षामा सडकमा रोकिएका छन् । बेनीबाट मुस्ताङतर्फ जाने सवारीसाधनको चापसमेत बढ्दा सडकमा लामो जाम हुने गरेको छ। दसैं र जाडोयामका लागि चीनबाट आयात गरिएका कपडा, खाद्यान्न तथा फलफूल बोकेका कन्टेनर लामो समयसम्म बाटोमै रोकिँदा व्यवसायी र चालक समस्यामा परेका छन् । विशेषगरी फलफूल बोकेका केही गाडीमा सामान कुहिन थालेको छ । सडक अवरुद्ध हुँदा सामान ढुवानीमा ढिलाइ हुनुका साथै व्यवसायीले आर्थिक क्षति व्यहोर्नुपर्ने अवस्था आएको छ।

क्षतिग्रस्त सडकको मर्मत तथा सुधारको काम जारी रहेकाले काम गर्नुपर्ने समयमा सवारी आवागमन रोकिने गरेको बेनी-जोमसोम-कोरलासडकआयोजनाकाप्रमुख तेजस्वि शर्माले बताउनुभयो । "सोमबारदेखि सबै किसिमका सवारीसाधन सञ्चालन गराउने कार्ययोजना अनुसार परिक्षणका लागि हलुका सवारीसाधन मात्र गुडाउन थालिएको सडकमा अन्धाधुन्दा रूपमा मालवाहक ट्रक, पर्यटक र यात्रुवाहक यातायातका साधन चल्न थालेपछि मर्मतको काम प्रभावित भयो", उहाँले भन्नुभयो "प्रारम्भिक मर्मत भएको सडकलाई हिलो बनाउदाँ तिल्केनीचौरलगायत केही ठाउँमा गाडी फस्ने समस्या देखिएको छ।"

कमजोर सडकमा पुनः पहिरो खस्ने र आवागमन अवरुद्ध हुने चिन्ताले चालक तथा यात्रु त्रसित छन् । बेनी-जोमसोम-कोरला सडक योजनाका प्राविधिक विनोद पौडेलले कुनौटा-पोखरेबगर क्षेत्रको करिब १० किलोमिटर सडक सुधारलाई तीव्रता दिइएको जानकारी दिनुभयो । उहाँका अनुसार असोज २६ गतेभित्र मर्मत सकेर सहज रूपमा सञ्चालन गर्न सकिने बनाउने लक्ष्य राखिएको छ । लामो समय सडक अवरुद्ध हुँदा मुस्ताङमा खाद्यान्न तथा खाना पकाउने ग्यासको आपूर्तिमा समस्या हुनुका साथै विद्युत् र फोन तथा इन्टरनेट सेवासमेत प्रभावित भएका छन् । दैनिक उपभोग्य वस्तुको आपूर्ति र जनजीवन सहज बनाउन सडकको पूर्ण सुधार आवश्यक देखिएको छ । चीनसँगको व्यापारिक आवागमनका लागि प्रयोग हुँदै आएका अन्य नाकामध्ये रसुवागढी बाढीपहिरोका कारण बन्द रहेको र तातोपानी नाकाबाट अपेक्षाअनुसार आवागमन हुन नसकेको अवस्थामा कोरला नाका महत्त्वपूर्ण विकल्प बनेको छ। तर, नाकाबाट सामान आयात भए पनि बेनी-जोमसोम सडक सहज नहुँदा ढुवानी र यात्रामा समस्या कायमै छ । अस्थायी मार्गबाट सवारी सञ्चालन हुन थाले पनि सडकको पूर्ण सुधार नभएसम्म म्याग्दी र मुस्ताङबीचको आवागमन तथा चीनसँगको व्यापार सहज हुने अवस्था देखिएको छैन।

# बेनी–जोमसोम सडक खुल्यो

पोखरापत्र संवाददाता
मुस्ताङ, २५ असोज

बेनी–जोमसोम सडक सञ्चालन भएसँगै यहाँबाट १७३ वटा कन्टेनर गन्तव्यतर्फ प्रस्थान गरेका छन्।

चीनबाट आयातित सामान बोकेका ती कन्टेनर पोखरा, काठमाडौँलगायत सहरी भेगमा प्रस्थान गरेका हुन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक एवं सूचना अधिकारी सन्तोष बस्यालका अनुसार बेनी–जोमसोम अवरुद्ध सडक खुलेसंगै कोरलानाकाबाट पैठारी गरिएका मालवस्तु बोकेका कन्टेनरहरू मुस्ताङबाट बाहिरिन थालेका छन् । उहाँका अनुसार सडक अवरुद्धका कारण दुई सातादेखि मुस्ताङमा फसेका कन्टेनरहरू मध्ये असोज २४ र २५ गते गरी दुईदिनमा प्रहरी निरीक्षक बस्यालका अनुसार असोज २३ गते साँझ बेनी–जोमसोम सडक मर्मतपछि सूचारु भएसंगै पहिलो दिन ८५ वटा मालवस्तु कन्टेनर मुस्ताङबाट बाहिरिएको हो । असोज २४ गते सडक खुलेको दोस्रो दिन मुस्ताङबाट ८८ वटा मालवस्तु कन्टेनर बेनीतर्फ बाहिरिएको प्रहरी निरीक्षक बस्यालको भनाई छ। म्याग्दी र मुस्ताङको सिमाना थासाङ–४ घाँसा स्थित प्रहरी चौकीका अनुसार सडक खुलेको दुई दिनमा ३९१ वटा विभिन्न सवारी साधन मुस्ताङबाट बाहिरिएका छन् । आज मुस्ताङबाट ५० भन्दा बढी सवारी साधन बाहिरिएका छन्। यसैबीच, मुस्ताङमा उत्पादित स्याउ बजार पठाउन थालिएको चिम्ले स्याउ फार्मका सञ्चालक कर्म गुरुङले जानकारी दिनुभयो।

# आश्विन शुक्ल प्रतिपदामा हनुमानढोकाको दसैं घरमा घटस्थापना

रासस
काठमाडौं, २५ असोज

हनुमानढोकास्थित दसैं घरमा बिहान ११:४७ को शुभ साइतमा वैदिक विधिपूर्वक घटस्थापना गरिएको छ।

हनुमानढोकामा पुरातत्व विभागअन्तर्गतको दरबार हेरचाह अड्डाले दसैं घरमा दियो, कलश र गणेश स्थापना गरी विधिपूर्वक घटस्थापना गरेको हो । घटस्थापनासँगै आज यहाँ राखिएको जमरा विजयादशमीका दिन बिहान देवी विसर्जन गरेपछि प्रसादका रूपमा राष्ट्रपति कार्यालयमा लैजाने गरिन्छ।

गणतन्त्र स्थापना हुनुअघि हनुमानढोका दसैं घरको घडाको जल, जमरालगायत टीका प्रसाद राजदरबार लगिन्थ्यो।

हनुमानढोकाको दसैं घरमा राखिएको जमरालगायत टीका प्रसाद ग्रहण गर्न चाहनेका लागि वितरण पनि गर्ने गरिएको छ । हनुमानढोका दरबारको दसैं घरसँगै नेपालीले आ-आफ्ना घरको पूजा कोठा वा दसैं घरमा घटस्थापना गरेका छन्। घटस्थापनासँगै आजैदेखि नेपालीको महान् पर्व बडादसैं सुरु भएको छ।

कुनै स्थान र समुदाय विशेषमा भने आश्विन शुक्ल द्वितीयाको रातिको जुन हेरेर मात्र घटस्थापना गरी जमरा राख्ने प्रचलन रहेकोसमेत जनाइएको छ।

नवरात्रको पहिलो दिन आज नवदुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको पूजा आराधना गरिन्छ । देवीले महासरस्वती, महाकाली र महालक्ष्मीको रूप लिएर फरकफरक काम गर्ने शास्त्रीय मान्यता छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. १० निवासी भारतिय सैनिक नं. ५३४४२४२ W का हवल्दार (HAV) टेक बहादुर श्रीसको श्रीमती गौमति भन्ने मैना माया श्रीस रानाको नागरिकताको प्रमाणपत्रमा नाम थर गौमति भन्ने मैना माया श्रीस राना र जन्म मिति वि.सं. २०१८/०९/०८ (ई.सं. १९६१/१२/२२) उल्लेख भएको र श्रीमानको भारतिय पेन्सन अभिलेखमा श्रीमतीको नाम थर मैना माया राना र जन्म मिति ई.सं. १९६८ मार्च १३ (वि.सं. २०२४/११/२९) उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी जैमिनी नगरपालिका, १० नं. वडा कार्यालय, राङखनी, बागलुङको च.नं. २२४, मिति २०८३/०६/१३ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

